# आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा
मिति २०७८।०३।०२ मा स्वीकृत)

नेपाल सरकार
गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

# आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८

**प्रस्तावनाः** नेपालमा आगलागीबाट क्षति भएका निजी आवासलाई मर्मत, पुनर्निर्माण वा पुनर्स्थापना गर्न अनुदान प्रदान गर्ने नीतिगत व्यवस्था गरी विपद् प्रभावितलाई सम्बोधन गर्न वाञ्छनीय भएकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो कार्यविधि जारी गरेको छ।

**(कार्यकारी समितिको मिति २०७८।१०।१४ गतेको बैठकबाट भएको प्रथम संशोधन)**

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो कार्यविधिको नाम "आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि २०७७ मंसीर १ गतेदेखिका आगलागीबाट निजी आवास क्षतिग्रस्त भएका वा गुमाएका तर अन्यत्र आवासगृह नभएका घरपरिवारलाई सुरक्षित स्थानमा आवास मर्मत, पुनर्निर्माण तथा पुनर्स्थापना गर्न लागू हुनेछ। तर अन्य अवधिका विपद्का घटनाहरूका सन्दर्भमा नेपाल सरकारले निर्णय गरेपश्चात् मात्र यो कार्यविधि लागू हुनेछ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "कार्यविधि" भन्नाले आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ लाई सम्झनुपर्छ।

(ख) "आवास इकाई" भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) वा सम्बन्धित स्थानीय तहबाट स्वीकृत मापदण्ड, नक्सा एवम् डिजाइन अनुसारको प्रविधि अवलम्बन गरी निर्माण गरिएका आवासीय घर सम्झनुपर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम गठित कार्यकारी समिति सम्झनुपर्छ।

(घ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(ङ) "प्राधिकरण" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ।

(च) "आगलागी" भन्नाले असावधानी वा दुर्घटनावश व्यक्तिको निजी घरमा लागेको आगो सम्झनुपर्छ। सो शब्दले वनबाट आएको अनियन्त्रित डढेलो, चट्याङ तथा अन्य कारणले घरबस्तीमा लागेको आगोलाई समेत सम्झनुपर्छ।

(छ) "पुनर्निर्माण" भन्नाले आगलागीबाट क्षति भएको निजी आवास घरधनीको साविककै वा निजको अन्य कुनै जोखिमरहित जग्गामा नवनिर्माण गर्ने कार्यलाई सम्झनुपर्छ।



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

(ज) "पुनर्स्थापना" भन्नाले भू-गर्भविद् वा सम्बन्धित प्राविधिकको अध्ययन प्रतिवेदनको आधारमा वा निजको अन्य कुनै जोखिमरहित जग्गामा पुनर्स्थापना गर्नुपर्ने कार्यलाई सम्झनुपर्छ।

(झ) "लाभग्राही" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम छनौट भएका व्यक्ति वा परिवार सम्झनुपर्छ।

(ञ) "हकवाला" भन्नाले पैतृक सम्पत्तिमा अंश हक पाउने व्यक्ति सम्झनुपर्छ।

(ट) "परिवार" भन्नाले पीडितका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ। तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउनेछैन।

## परिच्छेद- २

## लाभग्राही पहिचान तथा अनुदान सम्झौता

३. **लाभग्राही पहिचानः** (१) आगलागीजन्य विपद्बाट प्रभावित लाभग्राहीको पहिचान देहायबमोजिम हुनेछः-

(क) आगलागीजन्य विपद्बाट भएको क्षतिको सम्बन्धमा विपद्बाट प्रभावित परिवारको जिम्मेवार व्यक्तिले घटनालगत्तै सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयमा आवश्यक प्रमाण सहित दिएको लिखित निवेदन वा जानकारी,

(ख) आगलागीलगत्तै सो विपद्बाट भएको मानवीय, पशुचौपाया, अन्नबाली तथा आवास क्षति सम्बन्धी प्रहरी मुचुल्का, तर वन डढेलोको हकमा सम्बन्धित डिभिजन वन कार्यालयबाट सिफारिस भई जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय भएको,

(ग) अनुसूची -१ बमोजिमको ढाँचामा विद्युतिय प्रणालीमा प्रविष्ट गर्नेगरी संकलन गरिएको लगत र सो बमोजिमको क्षति विश्लेषण,

(घ) आगलागीबाट क्षति भएको घरबाहेक सोही स्थान वा अन्यत्र बसोवास योग्य अर्को घर, आवास नभएको व्यक्ति वा परिवार,

(ङ) विद्युतिय प्रणालीमा प्रविष्ट भई प्रणालीमा देखिएको विवरणको आधारमा लाभग्राही कायम गर्नुपर्ने व्यक्ति वा परिवार हो भनी सम्बन्धित वडामार्फत सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,

(च) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्र,

(छ) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा बसोवासको प्रमाण खुल्ने कुनै कागजात वा भोगचलन खुलेको सर्जमिन मुचुल्का,

(ज) यस कार्यविधि बमोजिमको जोखिम वर्गमा पर्ने भए सोको पुष्टि हुने सरकारी निकायबाट जारी भएको कागज प्रमाण।

यस सम्बन्धी थप मापदण्ड अनुसूची-१ अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राही पहिचान गर्दा एक परिवारबाट एकभन्दा बढी लाभग्राही नपर्ने गरी गर्नुपर्नेछ। तर विपद्को घटना हुनुभन्दा अगावै अंशबण्डा गरेका वा मानो छुट्टिई भिन्न बसेका घरपरिवार लाई छुट्टै घरपरिवारमा गणना गर्न बाधा पुऱ्याएको मानिनेछैन।

४. **लाभग्राही कायम गर्नेः** (१) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ३ को उपदफा (१) बमोजिम सम्बन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिस र वन डढेलोको हकमा डिभिजन वन कार्यालय समेतको सिफारिस संलग्न गरी अनुसूची १ बमोजिम व्यक्तिको सङ्कलित लगत र सोको क्षति विश्लेषणको आधारमा विपद् प्रभावित परिवार मात्र समावेश हुने गरी लाभग्राही कायम गर्नुपर्नेछ। यसरी लाभग्राही कायम गर्दा मर्मत वा अस्थायी आवास, पुनर्निर्माण र पुनर्स्थापनाका लाभग्राही भनी छुट्टाछुट्टै रूपमा वर्गीकरण गरी कुनै लाभग्राही जोखिम वर्गमा पर्ने भए सो समेत खुलाई विवरण तयार गर्नुपर्नेछ।

(२) सार्वजनिक वा सरकारी जग्गा ओगटी निजी आवास बनाई बसोवास गरेको कुनै व्यक्ति वा परिवारको निजी आवास आगलागीजन्य विपद्बाट क्षति वा नष्ट भएको तर निजको नेपालभर अन्य स्थानमा जग्गा र निजी आवास नभएको भन्ने व्यहोरा प्रमाणबाट नखुलेसम्म आगलागीजन्य विपद्बाट प्रभावित व्यक्ति वा परिवारलाई अन्यत्र पुनःस्थापना गरिनेछैन।

(३) जिल्ला विपद् व्यवस्थापन समितिले दफा ३ को अधीनमा रही देहाय बमोजिमका थप आधारहरूमा लाभग्राही कायम हुने व्यक्ति छनौट गर्न सक्नेछः

(क) एकाघर परिवारको सदस्यको नाममा घरजग्गा भएको तर घरजग्गाको स्वामित्व भएको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि दोहोरो लाभग्राही कायम नहुने गरी घरपरिवारको नाता प्रमाणित भएका हकवाला व्यक्ति,

(ख) कुनै ठाउँमा जग्गा नापी नै नभएको तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका क्षतिग्रस्त घरका घरधनीहरूको हकमा त्यस्तो बसोवास भएको जग्गा व्यक्तिगत भए नापी गरी गराई नियम अनुसार जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेको व्यक्ति वा सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्काको आधारमा क्षतिग्रस्त आवासले चर्चेको जमिन ठहर हुने सम्बन्धित व्यक्ति,

(ग) आगलागीजन्य विपद्बाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा जिल्लाभित्रकै अन्य उपयुक्त स्थानमा वा क्षतिग्रस्त घर भएको जिल्लाबाहिर अन्य जिल्लामा रहेको लाभग्राहीका जग्गामा निजी आवास पुनर्निर्माण गर्न चाहने व्यक्ति,

(घ) जग्गाधनीको मृत्यु भई हकवालाहरूमा नामसारी हुन बाँकी भएको अवस्थामा मृतकको हकवालाले मृत्यु दर्ता प्रमाणपत्र सहित निवेदन दिएकोमा सबै हकवालाहरूको मञ्जुरीमा हकवालामध्ये कुनै एक व्यक्ति।

(४) लाभग्राही कायम गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरेको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले आवश्यकतानुसार प्राविधिक कर्मचारी खटाई पुनर्मूल्याङ्कन गरी लाभग्राही कायम गर्नुपर्नेछ।

(५) जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१) बमोजिम कायम भएको लाभग्राहीको सूची अनुदान सम्झौताका लागि स्थानीय तहमार्फत सम्बन्धित वडा कार्यालयमा र लाभग्राहीको खाता खोल्ने प्रयोजनको लागि पायक पर्ने बैंकमा पठाउनु पर्नेछ।



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

(६) उपदफा (५) बमोजिम सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा सम्झौताका लागि पठाईएका लाभग्राहीको लागि यस कार्यविधि बमोजिम संघ, प्रदेश र स्थानीय तहले ब्यहोर्नु पर्ने यस कार्यविधिको दफा (५) को उपदफा (३) बमोजिमको लागत सहभागिताको अनुदान वापतको रकम जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित तहमा माग गरी पठाउनु पर्नेछ ।

(७) पुनर्निर्माणका लाभग्राहीले निजी आवास निर्माण सम्झौता गर्न अघि स्वीकृत मापदण्ड बमोजिम निजी आवासको नक्सा तथा डिजाईन सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराईसकेको हुनुपर्नेछ ।

## परिच्छेद- ३

## वित्तीय प्रबन्ध र अनुदान व्यवस्था

५. **वित्तीय प्रबन्धः** (१) आगलागीजन्य विपद्‌बाट प्रभावित लाभग्राही अनुदान प्रयोजनका लागि संघले ब्यहोर्नुपर्ने लागत सहभागिता अनुसारको रकम प्राधिकरणले जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउनेछ।

(२) यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदानमध्ये स्थानीय तहका हकमा महानगरपालिका/ उपमहानगरपालिकाले बीस प्रतिशत, नगरपालिकाले पन्ध्र प्रतिशत र गाउँपालिकाले दश प्रतिशत व्यहोर्ने तथा तीस प्रतिशत प्रदेश सरकारले र बाँकी संघीय सरकारले ब्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट प्रबन्ध गरिनेछ। यसरी प्रदेश वा स्थानीय तहबाट लागत सहभागिता व्यहोर्न नसक्ने भए पनि क्षतिग्रस्त निजी आवास मर्मत वा अस्थायी आवास र पुनर्निर्माण गर्ने काममा संघीय सरकारले ब्यहोर्नु पर्ने भनि तोकिएको अनुदान रकम उपलब्ध गराउन बाधा पर्नेछैन।

(३) प्रदेश र स्थानीय तहले लागत सहभागिताको रकम उपलब्ध गराउने विधि प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ।

(४) जिल्ला प्रशासन कार्यालयले उपदफा (१) बमोजिम प्राप्त रकमको आम्दानी तथा खर्चको छुट्टै विवरण तयार गरी राख्नुपर्नेछ।

६. **अनुदान रकमः** (१) यस कार्यविधि बमोजिम कायम भएका लाभग्राहीले दोहोरो नपर्ने गरी आफू कायम भएको लाभग्राही वर्गको एउटा मात्र अनुदान रकम बैंक खातामार्फत प्राप्त गर्नेछः

(क) आगलागीजन्य विपद्‌बाट क्षतिग्रस्त निजी आवास मर्मत अनुदानका लाभग्राहीलाई सम्झौता अनुसार कार्य सम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा एकमुष्ठ पचास हजार रुपैया अनुदान रकम उपलब्ध गराईनेछ ।

(ख) आगलागीजन्य विपद्‌बाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण वा पुनर्स्थापना अनुदानः पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीले निजी आवास पुनर्निर्माण वा पुनर्स्थापनाका लागि क्षतिको यथार्थ प्राविधिक मूल्याङ्कनका आधारमा हिमाली जिल्लामा बढीमा पाँच लाख रुपैयाँ, पहाडी जिल्लामा बढीमा चार लाख रुपैयाँ र तराईका जिल्लामा बढीमा तीन लाख रुपैयाँ तीन किस्तामा देहायबमोजिमको रकमः

१. सम्झौता हुनासाथ पहिलो किस्ताबापत पचास हजार,



नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
सिंहदरबार, काठमाडौं

२. प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनुसूची- ६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ताबापत हिमाली जिल्लामा दुई लाख पचास हजार, पहाडी जिल्लामा दुई लाख र तराईका जिल्लामा एक लाख पचास हजार रुपैयाँ,

३. निर्माण सम्पन्न गरिसकेपछि प्राविधिकको अन्तिम जाँच प्रतिवेदनको आधारमा अन्तिम किस्ता वापत हिमाली जिल्लामा दुई लाख रुपैयाँ, पहाडी जिल्लामा एक लाख पचास हजार रुपैयाँ र तराईका जिल्लामा एक लाख रुपैयाँ।

४. माथि बुँदा नं. ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तिम किस्ता वापतको रकम भुक्तानी माग गर्नुअघि लाभग्राहीले विपदले असर पारेको पुरानो क्षतिग्रस्त आवास भत्काई सफा गरिसकेको हुनु पर्ने र सो कुरा स्थानीय तहबाट खटिने प्रावधिकको प्रतिवेदनमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

(२) **अस्थायी आवास अनुदानः** निजी आवास पुननिर्माण गर्नुपर्ने लाभग्राहीको हकमा मात्र अस्थायी आवास निर्माण गर्न वा अन्यत्र बसी निजी आवास पुननिर्माण गर्ने लाभग्राहीलाई पुनःनिर्माण अनुदानको अतिरिक्त अस्थायी आवासको लागी समेत अनुदान रकम उपलब्ध गराईनेछ ।

**(क)** अस्थायी आवास निर्माणका लाभग्राहीले सम्झौता अनुसार काम शुरु गरेको अवस्थामा पच्चीस हजार र कार्यसम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा पच्चीस हजार गरि जम्मा पचास हजार,

**(ख)** दफा ६ को उपदफा २(क) बमोजिम अस्थायी आवास निर्माणको अनुदान नलिई अन्यत्र बसी पुननिर्माण गर्ने लाभग्राहीले वडा समितिले गरेको सिफारिसको आधारमा सम्झौता हुनासाथ पहिलो किस्ता पच्चीस हजार र स्थानीय तहले बाँकी रकम दिन उपयुक्त छ भनि सिफारिस गरे पछि अन्तिम किस्ता पच्चीस हजार गरी पचास हजार रकम उपलब्ध गराइनेछ ।

(३) तर सरकारी निकाय वा संस्थाबाट अनुदान प्राप्त गर्ने गलत मनसायले जानाजानी वा लापर्बाहीपूर्वक घर आगलागी गरेमा वा वन डढेलो वा आगलागीजन्य अन्य कार्य गरेको पाइएमा कुनै पनि अनुदान रकम उपलब्ध गराइनेछैन। यसरी जानाजानी वा लापर्बाहीपूर्ण कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कडा कारबाही गरिनेछ।

**७. अनुदान सम्झौताः** (१) दफा ४ को उपदफा (४) बमोजिम प्राप्त भएको लाभग्राहीहरूको सूचीका आधारमा सम्बन्धित वडाध्यक्षले वडा कार्यालयमा मर्मत वा अस्थायी आवासका लाभग्राहीसँग अनुसूची-२ को ढाँचामा र पुनर्निर्माण र पुनःस्थापनाका लाभग्राहीसँग अनुसूची-३ को ढाँचामा अनुदान सम्झौता गरी सोको एक/एक प्रति जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ। जिल्ला प्रशासन कार्यालयले अनुदान सम्झौताको विवरण नियमित रूपमा प्राधिकरणमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौताको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले लाभग्राहीहरूलाई पायक पर्ने बैंकमा पहिलो किस्ताबापतको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत लाभग्राहीको खातामा निजले भुक्तानी पाउने गरी निकासा गर्नु पर्नेछ। ।तर लागत सहभागिता व्यहोर्ने तीनै



नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
सिंहदरबार काठमाडौं

तहमध्ये कुनै तहबाट रकम प्राप्त नभईसकेको अवस्थामा जुन तहबाट रकम प्राप्त भएको छ सोही रकम मात्र निकासा गर्न यस प्रावधानले बाधा पुग्नेछैन ।

(३) सम्झौतापत्र तथा खर्च विवरण सम्बन्धी अभिलेख सम्बन्धित वडा, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र प्राधिकरणले राख्नुपर्नेछ ।

८. **लाभग्राहीले अनुदान रकम प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्थाः** (१) अनुसूची-१ बमोजिम सङ्कलित विपद् प्रभावितहरूको तथ्याङ्क विश्लेषण गर्दा क्षतिको स्तर (ग्रेड) २ (साथै प्राविधिक समाधान– मेजर रिपेयर गर्नुपर्ने भएको र क्षतिको स्तर (ग्रेड) ३ (साथै प्राविधिक समाधान– माइनर रिपेयर गर्नुपर्ने वर्गका) घरधनीहरूलाई स्थायी आवास मर्मत अनुदान उपलब्ध गराइनेछ। तर सो विश्लेषणमा क्षतिको स्तर (ग्रेड) तीन (मेजर रिपेयर), चार वा पाँचमा सूचीकृत हुनुका साथै प्राविधिक समाधान (मेजर रिपेयर वा पुनर्निर्माण) गर्नुपर्ने वर्गका घरधनीहरूलाई भने पुनर्निर्माण अनुदान रकम उपलब्ध गराइनेछ।

(२) कुनै लाभग्राहीले निजले पाउने अनुदान रकमभन्दा बढी रकम खर्च गरी मर्मत गर्न, पुनर्निर्माण गर्न वा पुनर्स्थापित हुन चाहेमा वा खर्च गरेमा निजले पाएको अनुदान रकमभन्दा जति बढी रकम खर्च गरे तापनि त्यसरी खर्च गरेको रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(३) स्थायी आवास मर्मत अनुदान रकम थप व्यवस्था देहायका अनुसार हुनेछः-

(क) मर्मत गर्न योग्य घरहरू मापदण्डअनुसार मर्मत भइसकेको भएमा प्राविधिक निरीक्षण प्रतिवेदनको आधारमा एकमुष्ट अनुदान रकम उपलब्ध गराउन सकिनेछ। तर क्षतिको स्तर (ग्रेड) १ भई प्राविधिक समाधान जुनसुकै भएको र क्षतिको स्तर (ग्रेड) २ को प्राविधिक समाधान साधारण मर्मत गर्नुपर्ने भनी यकिन भएका घरका घरधनीहरूले यस कार्यविधि बमोजिम मर्मतबापतको अनुदान रकम पाउनेछैनन्।

(ख) लाभग्राही सूचीमा सूचीकृत क्षतिग्रस्त आवास पुनर्निर्माण गर्नका लागि अनुदान प्राप्त गर्ने गरी सम्झौता गरेका तर पुनर्निर्माण हुने क्रममा घर भत्काउनु नपर्ने भई विपद् उत्थानशील प्रविधि प्रयोग गरी मर्मत गरेको अवस्थामा उक्त घरधनी लाभग्राहीलाई मर्मतको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौता परिमार्जन गरी मर्मत कार्य सम्पन्न गरेको अवस्थामा प्राविधिक जाँचको आधारमा प्राधिकरणले तोकेको मर्मत अनुदान रकम उपलब्ध गराइनेछ।

तर कुनै लाभग्राहीले उक्त रकमबाट मर्मत नगरेमा वा सम्बद्ध प्राविधिकबाट निरीक्षणको क्रममा मापदण्डअनुरूप मर्मत गरेको नदेखिएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) निजी आवास मर्मत गर्नका लागि अनुदान प्राप्त गर्नेगरी सम्झौता गरेका तर काम गर्ने क्रममा उक्त घर भत्किएमा वा भत्काउनुपर्ने अवस्था भई पुनर्निर्माण गर्नुपर्ने भनी प्राविधिक प्रतिवेदनबाट प्रमाणित भएमा उक्त घरधनी लाभग्राहीहरूलाई पुनर्निर्माणको वर्गमा राखी सोही अनुरूप अनुदान सम्झौतामा परिमार्जन गरी अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार काठमाडौं

(५) क्षति भएको लाभग्राहीको एकासगोलका व्यक्तिहरूको अर्को आवासीय घर भएमा अनुदान रकम दिइनेछैन। तर सो विपद्को घटना हुनुअगावै निजहरूको अंशबण्डा भइसकेको वा परिवार छुट्टिई भिन्न भई घर क्षतिग्रस्त भएको र लाभग्राहीको सूचीमा नाम समावेश भएकाहरूको हकमा अन्यत्र वा सोही स्थानमा क्षति नभएको बसोवास योग्य घर रहेको घरधनी बाहेक अन्य लाभग्राही घरधनीहरूले पुनर्निर्माण बापतको अनुदान रकम पाउन सक्नेछन्। तर मर्मत अनुदानका लागि भने एउटा घरमा जतिसुकै घरधनीको स्वामित्व भए पनि एकजना मात्र लाभग्राही हुनेछन्।

(६) आगलागीजन्य विपद्को घटना घट्नुअगावै सम्बन्धित मालपोत कार्यालयमा अंशबण्डा कागज पारित गरी वा अंशबण्डा कागज अड्डाबाट पारित नगरेको भए तापनि सो घटनाअगावै मानो छुट्टिई छुट्टै घर बनाई बसेको रहेछ र आगलागीजन्य विपद् प्रभावित तथ्याङ्कमा परेको र छुट्टिई भिन्नभई अलग अलग घर बनाई बसोवास गरेको अवस्थामा स्थानीय गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा हुने सर्जमिनको आधारमा पुष्टि भएमा त्यस्तो विपद् प्रभावित घरधनीलाई समेत छुट्टै घरपरिवारमा गणना गरी अनुदान उपलब्ध गराउन सकिनेछ।

(७) आगलागीजन्य विपद् प्रभावित लाभग्राहीको सूचीमा परेका भूमिहीन विपद् पीडितहरूले घरवासका लागि स्थानान्तरण हुन नचाही परम्परादेखि भोग गर्दै आएको साविकको बसोवास गरेको जग्गामा नै निजी आवास पुनर्निर्माण गर्न चाहेको अवस्थामा निजहरूले भोग गरेको जग्गामा निजी आवास पुनर्निर्माण गर्न अनुदान रकम उपलब्ध गराउन सकिनेछ। सोको लागि घरवासको क्रममा जडान भएका धारा, विद्युत्, टेलिफोन आदिको प्रमाण सहित सार्वजनिक मुचुल्काको आधारमा स्थानीय तहबाट सिफारिस भै जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गर्नुपर्नेछ। यस्तो जग्गामा पुनर्निर्माण गर्न निजी आवासको घरको लम्बाइ, चौडाइ, उचाइ, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्रबाट दूरी लगायत विवरणहरू पेश गरी घर निर्माण स्वीकृतिका लागि दिएको निवेदन स्थानीय तहले अभिलेखीकरण गरी निर्माण स्वीकृति दिन सक्नेछ। तर यस्तो स्वीकृतिलाई जग्गादर्ताको प्रमाणको रूपमा लिइनेछैन।

(८) सार्वजनिक जग्गा र सरकारी जग्गाबाहेक विभिन्न किसिमका गुठी, बिर्ता र गुठी अधीनस्थ जग्गा, मोही लागेको जग्गा, स्ववासी, बेनिस्सा, गाउँ ब्लक, कोदाली, आँकडा, बिटौरी, उखडा समेतका जग्गामा बसोवास भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोवासीसँग घरवास भएको जग्गाको भोगसम्बन्धी कुनै निस्सा, रसिद वा पूर्जी भए सो निस्सा रसिद वा पूर्जीको आधारमा स्थानीय तहले गरिदिएको सिफारिस र त्यस्तो निस्सा रसिद वा पूर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिस एवं क्षतिग्रस्त घरवास भएको जग्गाको कम्तीमा दुईजना सँधियारहरूले घरवास भएको जग्गाको, भोगचलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घरनिर्माण अनुदान सम्झौता गर्न सकिनेछ। तर यस्तो सम्झौतालाई जग्गादर्ताको प्रमाणको रूपमा लिइनेछैन। आगलागीजन्य विपद्बाट प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासको हकमा घरहरूको लम्बाइ, चौडाइ, उचाइ, साइट प्लान, सडक सीमा (Right of Way) बाट दूरी लगायत विवरणहरू पेश गरी घरनिर्माण स्वीकृतिका लागि दिइएको निवेदन स्थानीय तहले हेरी जाँची अभिलेखीकरण गरी निर्माण गर्न स्वीकृति दिनसक्नेछ।



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(९) आगलागीजन्य विपद्‌बाट क्षतिग्रस्त बस्ती क्षेत्रका निजी आवास पुनर्निर्माणका लाभग्राहीको घर भत्काउने क्रममा जोडिएका घरहरू भत्कन गएमा त्यसरी भत्किन गएका घरका घरधनीलाई प्रक्रिया पूरा गरी लाभग्राही कायम गर्न सकिनेछ।

(१०) आगलागीजन्य विपद्‌बाट निजी आवास पुनर्निर्माणका लाभग्राहीले पहिला बसोवास गरेका जग्गामा नै पुनर्निर्माण गर्न चाहेमा र निर्माणको क्रममा भेटिएका पुरातात्विक महत्वका सामानहरू बाहेकका अन्य बहुमूल्य सामानहरू निजको स्वामित्वमा नै रहनेछ।

(११) आगलागीजन्य विपद्‌बाट क्षति पुगेका प्राचीन बस्ती क्षेत्रका लाभग्राही घरधनीहरू बहुतले एवं बहुस्वामित्वको संरचनामा जान चाहेमा स्थानीय तहको सिफारिसको आधारमा प्राधिकरणले निर्णय गरी त्यस्ता घरधनीहरूलाई लाभग्राही कायम गरी यस कार्यविधि बमोजिमको अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(१२) जिल्ला विपद् व्यवस्थापन समितिद्वारा लाभग्राही कायम गरिएको लाभग्राही सूचीमा समावेश भएका तर अनुदान सम्झौता हुनुअगावै घरधनी स्वयंले घर निर्माण कार्य प्रारम्भ गरिसकेका घरधनी लाभग्राहीको हकमा निर्मित वा निर्माणाधीन घर जिल्ला विपद् व्यवस्थापन समितिले तोकेको संस्था, निकाय वा प्राविधिकहरूले चेकजाँच गर्दा विपद् उत्थानशील प्रविधिको प्रयोग भएको पाइएमा त्यसको अभिलेख राखी अनुदान उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद- ४
## विविध

**९. विपद् उत्थानशील प्रविधिको प्रयोगः** (१) आगलागीजन्य विपद्‌बाट क्षतिग्रस्त निजी आवास निर्माण वा मर्मत वा अस्थायी आवासका लागि स्वीकृत राष्ट्रिय भवन संहिता तथा मापदण्डको प्रयोग र पालना गर्नु पर्नेछ।

(२) निजी आवास पुनर्निर्माण तथा मर्मत वा अस्थायी आवासको प्राविधिक मापदण्ड शहरी विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) लाभग्राहीले उपदफा (२) बमोजिमको प्राविधिक मापदण्डको प्रयोग र पालना गरी आफूले चाहेको अनुसूची-५ मा संलग्न भएको नमूना आवासको नक्सा अनुसारको बनाउन सक्नेछन्।

(४) लाभग्राहीले घर निर्माण वा मर्मत वा अस्थायी आवास अनिवार्य रूपमा भूकम्प प्रतिरोधी प्रविधि अनुसरण गर्ने गरी र भवन संहिताले तोकेबमोजिम गुणस्तर कायम गर्ने गरी सम्झौता गर्नुपर्नेछ।

(५) जिल्ला प्रशासन कार्यालय वा प्राधिकरणबाट तोकिएका अन्य उपयुक्त कार्यालय, निकाय वा प्राविधिकले प्राधिकरणबाट तोकिएको ढाँचाअनुसार निरीक्षण र प्रमाणीकरण गर्नेछ। सो बमोजिम कार्य भए/नभएको सम्बन्धमा प्राधिकरण, प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

**१०. जोखिम वर्गका लाभग्राहीका लागि विशेष व्यवस्था गर्नुपर्नेः** (१) आगलागीजन्य विपद् जोखिम वर्गका लाभग्राहीले आफूले चाहेको कुनै प्रतिनिधिद्वारा स्वयंसेवकको रूपमा अनुसूची-४ बमोजिमको ढाँचामा प्रतिनिधि तोकी कार्य गराउन सक्नेछ। यदि त्यस्तो व्यक्ति नभएमा सम्बन्धित स्थानीय तहले कर्मचारी खटाउन सक्नेछ।



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सिंहदरबार, काठमाडौं

(२) जोखिम वर्गमा पर्ने लाभग्राहीहरूमध्ये निजहरूले अनुदान रकम लिएर पनि घर पुनर्निर्माण गर्न नसक्ने अवस्थामा स्थानीय तहले आवश्यक सहयोग गर्न सक्नेछ।

११. **दोहोरो सहयोग नपाउने:** स्वदेशी वा विदेशी साझेदार संस्थाको सहयोगमा निजी आवास मर्मत वा अस्थायी आवास वा पुनर्निर्माण गर्न अनुदान पाएको लाभग्राहीलाई यस कार्यविधि बमोजिम आवास अनुदान उपलब्ध गराइने छैन। तर निजी आवास पुनर्निर्माण गर्नका लागि प्राधिकरणबाट पहिलो किस्ता अनुदान दिएका लाभग्राहीलाई कुनै साझेदार संस्थाले प्राधिकरणको अनुमतिमा निश्चित मापदण्ड र प्रक्रिया पूरा गरी बाँकी किस्ता दिई निजी आवास मर्मत वा अस्थायी आवास वा पुनर्निर्माण गर्न सक्नेछन्। विपद्पछि निजी आवास भवन नै प्राप्त गरेका लाभग्राहीले भने यो सुविधा प्राप्त गर्ने छैनन्।

१२. **निर्माण सामग्री उपलब्ध गराउन सहयोग गर्ने:** आगलागीजन्य विपद् प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासका लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट र काठ लगायतका निर्माण सामग्रीहरू स्थानीय बजारमा पर्याप्त मात्रामा उपलब्ध गराउन, गुणस्तर कायम गर्न /गराउन तथा सो को नियमन गर्न गराउन सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिले आपूर्ति व्यवस्थापन तथा सहजीकरण गर्नुपर्नेछ। यो समितिले निर्माण सामग्रीहरूको गुणस्तरको समेत आवश्यक अनुगमन गर्न सक्नेछ। यसमा जिल्ला वन पैदावार आपूर्ति समितिले नियमानुसार काठ आपूर्तिमा प्राथमिकता दिनुपर्नेछ।

१३. **जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने:** स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारका निकायहरूले गैरसरकारी क्षेत्रहरूसँग समन्वय गरी आगलागीजन्य विपद् प्रभावित भएका लाभग्राहीहरूलाई उनीहरूको जीवन निर्वाहका लागि सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्नु गराउनुपर्नेछ। यस्ता कार्यक्रम तय गर्दा एकल महिला, बालबालिका, विपन्न, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिको जीविकोपार्जन तथा आय आर्जनलाई प्राथमिकता दिनुपर्नेछ।

१४. **समयमै कार्य सम्पन्न गर्नुपर्ने:** आगलागीजन्य विपद् प्रभावित लाभग्राहीले अनुदान सम्झौता गरेको मितिले दुई वर्षभित्र सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ तर पहिलो किस्ता प्राप्त गरेका लाभग्राहीहरूले दुई वर्षभित्र कार्य सम्पन्न नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१५. **प्राथमिकता दिनुपर्ने:** यो कार्यविधि कार्यान्वयन गर्दा विपन्न, सीमान्तकृत, अल्पसंख्यक र जोखिम वर्गमा पर्ने लाभग्राहीलाई प्राथमिकता दिइनेछ।

१६. **स्थानीय श्रममूलक प्रविधिलाई प्रोत्साहन गर्ने:** यो कार्यविधि कार्यान्वयन गर्दा स्थानीय स्रोतसाधन, ज्ञान, सीप, श्रम र प्रविधिलाई प्रोत्साहन गरिनेछ।

१७. **दोहोरो सुविधा नपाउने:** यो कार्यविधि अनुसार आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास मर्मत वा अस्थायी आवास र पुनर्निर्माण अनुदान रकम प्राप्त गर्ने लाभग्राहीलाई नेपाल सरकारबाट जारी भएका अन्य कार्यविधि र मापदण्ड बमोजिम उल्लिखित अनुदान रकम उपलब्ध गराइनेछैन। यदि प्राप्त गरिसकेको रहेछ भने प्राप्त गरेको अनुदान रकम घटाएर मात्र यस कार्यविधि बमोजिमको अनुदान प्रदान गरिनेछ।

१८. **कर्मचारी खटाउन तथा अनुगमन गर्न सक्ने:** (१) कुनै जिल्लामा अनुदान सम्बन्धी कार्यमा सहयोग गर्न आवश्यक भएमा प्राधिकरणले आवश्यक समन्वय गरी प्राधिकरण वा अन्य निकायबाट निश्चित अवधिका



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

लागि कर्मचारी काजमा खटाउन सक्नेछ। अन्य निकायवाट काज खटाउँदा सम्बन्धित निकायसँग प्राधिकरणले कर्मचारी माग गरी खटाउनुपर्नेछ।

(२) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि प्राधिकरणले समय-समयमा अनुगमन तथा आवश्यक सहजीकरण गर्नेछ।

१९. **निर्देशन दिन सक्नेः** प्राधिकरणले यो कार्यविधि बमोजिमको काम कारबाहीका सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु ती समितिको कर्तव्य हुनेछ।

२०. **कारबाही हुनेः** यस कार्यविधि अन्तर्गतको व्यवस्थाबाट लाभान्वित हुन झूटा विवरण पेश गरेमा वा झूटा सिफारिस गरेको पाइएमा निजसँग निजी आवास अनुदान सम्झौता भइसकेको रहेछ भने त्यस्तो सम्झौता रद्द तथा अनुदान लिएको भए सो रकम सरकारी बाँकी सरह असुल उपर गरी त्यस्ता व्यक्तिहरूलाई प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ।

२१. **स्वदेशी वा विदेशी संघ संस्थाबाट गरिने सहायता सम्बन्धी व्यवस्थाः** (१) कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिले लाभग्राहीलाई आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास भवन मर्मत र पुनर्निर्माणका लागि अनुदान वितरण गर्दा यो कार्यविधि बमोजिम हुनेछ।

(२) कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिले आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास मर्मत गर्न वा पुनर्निर्माण वा अन्य प्राविधिक सहयोग गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत प्राधिकरणको स्वीकृति लिनुपर्नेछ।

२२. **अनुसूचीमा हेरफेर तथा संशोधन गर्नसक्नेः** प्राधिकरणले यो कार्यविधिका अनुसूचीहरूमा आवश्यकता अनुसार हेरफेर, थपघट तथा संशोधन गर्न सक्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

अनुसूची १

दफा ३ को उपदफा (१) क सँग सम्बन्धित

**आगलागीजन्य विपद्बाट प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण लगत संकलन प्रश्नावली**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
काठमाडौं

आगलागीजन्य विपद्बाट प्रभावित परिवारको लगत संकलन कार्यक्रम
(सम्भव भएसम्म घरधनीबाट विवरण लिनुपर्दछ)

परिचयात्मक विवरण

सर्वेक्षकको नाम, थरः........................................ सर्वेक्षकको कोडः.................. (३ अंकको)

सर्वेक्षण मितिः ......... I ......... I .........

घरको ठेगानाः

| प्रदेश | जिल्ला | गाउँपालिका/ नगरपालिका | वडा नं. | वडा खण्ड नं. | गाउँ /बस्ती/ टोल | घर रहेको स्थान (GPS Location) |
|---|---|---|---|---|---|---|
| | | | | | | अक्षांशः<br>देशान्तरः |

१. घरधनी सम्बन्धी विवरण

१.१ हालैको (आगलागीजन्य विपद्) बाट तपाईंका कतिवटा घरमा क्षति भयो ? संख्या......................

१.२ विपद्बाट क्षति भएको तपाईंको घरमा कतिवटा परिवारको स्वामित्व थियो ? संख्या————

१.३ आगलागीजन्य विपद्बाट क्षति भएका घरको घरधनीको नाम, थर र लिङ्ग लेख्नुहोस् ।

| क्र. सं. | पहिलो नाम | बीचको नाम | थर | लिङ्ग<br>१. पुरुष<br>२. महिला<br>३. अन्य | उमेर पूरा गरेको वर्ष | नागरिकता प्र.प नं. /जिल्ला, जारी भएको मिति | बाबुको नाम थर | छुट्टिई भिन्न भएको वा नभएको | यदि छुट्टिई भिन्न भएको भए छुट्टिई भिन्न भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

१.४ घरधनी र उत्तरदाता एकै व्यक्ति हो ?



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौं

१. हो ( १.६ मा सिधै जानुहोस्)　　　　　　　२. होइन

१.५ उत्तरदाताको नाम, थर लेख्नुहोस्।

| क्र. सं. | पहिलो नाम | बीचको नाम | थर | लिङ्ग<br>१. पुरुष<br>२. महिला<br>३. अन्य | उमेर<br>(पूरा गरेको वर्ष) | नागरिकता प्र.प.नं. /जिल्ला, जारी भएको मिति | उत्तरदाताको घरधनीसँगको नाता के हो ?<br>१. श्रीमान्/श्रीमती<br>२. छोरा/बुहारी<br>३. बाबु/आमा<br>४. सासु/ससुरा<br>५. छोरी/ज्वाईं<br>६. नाति/नातिनी<br>७. अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१.६ उत्तरदाताको फोटो

**१.७ घरधनीको स्वामित्वमा रहेका आवासीय घर सम्बन्धी विवरण:**

१. प्रश्न १.३ मा उल्लेख भएका घरधनीहरूको वा एकाघर परिवारका सदस्यको स्वामित्वमा यस विपद् प्रभावित वडामा कतिवटा आवासीय घर छन् ?　　　　संख्या ..................

२. प्रश्न १.३ मा उल्लेख भएका घरधनीहरूको वा एकाघर परिवारका सदस्यको स्वामित्वमा यस विपद् प्रभावित वडाबाहेक अन्यत्र कतिवटा आवासीय घर छन्?　　　　संख्या ..................

३. यस वडा बाहेक अन्यत्र भएका घरहरुको आवासीय घरको विवरण दिनुहोस्

| घर क्र. सं. | घरधनीको नाम, थर | ...............प्रश्न १.३ मा उल्लिखित घरधनीसँग के नाता पर्छ ? | जिल्ला | गाउँपालिका/ नगरपालिका | वडा नं. | बस्ती/ टोल | घरको अवस्था<br>१.प्रयोगमा रहेको<br>२.प्रयोगमा नरहेको<br>३. क्षति भएको |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

४. तपाईंका परिवारका सदस्यको नाममा यस विपद् प्रभावित क्षेत्र बाहेक अन्यत्र घडेरी वा जग्गा/जमिन छ ?

१. छ　　　　　　　२. छैन



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

५. यदि छ भने कहाँ कहाँ (कुन ठाउँमा) छ उल्लेख गर्नुहोस्।

| क्र सं | जग्गाधनीको नाम थर | ................प्रश्न १.३ मा उल्लिखित घरधनीसँग के नाता पर्छ ? | जिल्ला | गाउँपालिका/ नगरपालिका | वडा नं | बस्ती टोल | जग्गाको क्षेत्रफल वर्गमिटर (बिघा- कट्ठा- धुर) वा (रोपनी- आना- पैसा) | जग्गाको एकाइ र उपयोग १ खेती २ घडेरी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**१.८ घरधनीको स्वामित्वमा आगलागीजन्य विपद्बाट प्रभावित क्षेत्रमा रहेका आवासीय घरहरू बाहेक अन्य संरचना (गोठ/मतान /धनसार आदि) के कति छन् ?**

| पूर्ण क्षति भएको संख्या | आंशिक क्षति भएको संख्या | क्षति नभएको संख्या |
|---|---|---|
| | | |

**१.९ हालैको (आगलागीजन्य विपद्) का कारण तपाईंले घरायसी प्रयोजनका लागि गरेको पशुपालनमा क्षति पुग्यो ?**

१. पुग्यो २. पुगेन

**१.१० हालैको विपद्बाट पशुपालनमा के कति क्षति पुग्न गयो ? (संख्या लेखुहोस्)**

| गाई | गोरु | भैंसी | राँगा | कुखुरा | खसी/ बोका | बंगुर/ सुँगुर | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**१.११ घरधनी वा उत्तरदाताको सम्पर्क नं..........................**

## २. घर सम्बन्धी विवरण:

जम्मा घर संख्या : .......................

संरचना / भवन नं : .........................

(१.७ को १ मा उल्लेख गरिएका जति सबै आवासीय घरहरूको घर सम्बन्धी विवरण अलग अलग भर्नुपर्छ)

२.१ तपाईंको क्षेत्रमा कस्तो विपद्को घटना घट्यो ? (टिक चिह्न लगाउनुहोस्)

१. वन डढेलो २. आगलागी ३. अन्य (खुलाउने)

२.२ यो घर रहेको जग्गाको कानूनी स्वामित्व के हो ? (टिक चिह्न लगाउनुहोस्)

१. निजी २. संस्थागत ३. गुठी ४. सरकारी/ सार्वजनिक ५. अन्य

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

२.३ यदि तपाईंको घर रहेको जग्गाको कानूनी स्वामित्व सरकारी/ सार्वजनिक/पर्ती हो भने तपाईं कति वर्षदेखि यस ठाउँमा बसिरहनु भएको छ ?

वर्ष .......................

२.४ हालैको आगलागीजन्य विपद्पश्चात् तपाईंको आवासीय घरको अवस्था कस्तो छ ? (टिक चिह्न लगाउनुहोस्)

१. क्षति भएको र भग्नावशेष हटाई भवन स्थल सफा गरिएको
२. क्षति भएको र भग्नावशेष नहटाएको
३. पूर्ण रूपमा क्षति भएको
४. क्षति भएको भवन यथास्थानमै रहेको तर परिवार हाल बसोवास नगरेको
५. क्षति भएको भवन यथास्थानमै रहेको परिवार हाल जोखिमपूर्वक बसिरहेको
६. क्षति भएको घर मर्मत गरी हाल घरमै बसिरहेको
७. घरमा कुनै क्षति नभएको

२.५ विपद्अघिको घरको विवरण दिनुहोस्। (विपद्बाट क्षति भएको घरको विवरण लिने।)

| घरको आयु (कति वर्ष पुरानो) हो ? | घरको तला संख्या | घरको कोठा संख्या | घरको प्लिन्थ एरिया कति छ/ थियो ? | घर रहेको जग्गाको सतह कस्तो थियो ?<br>१. सम्म परेको<br>२. अलि भिरालो<br>३. ठाडो भिरालो | घर अनुदान लिई बनेको हो ?<br>१. पुनर्निर्माण प्राधिकरण<br>२. जनता आवास<br>३. प्रदेश/स्थानीय अनुदान<br>४. अन्य<br>५. होइन |
|---|---|---|---|---|---|
| | | | | | |

२.६ घरको जगको किसिम कस्तो छ/ थियो ?

१. माटोको जोडाइमा पाकेको ईटा/ढुङ्गा
२. सिमेन्ट जोडाइमा ईटा/ढुङ्गा
३. ढलान पिलर सहितको
४. बाँस /काठको खम्बा गाडेको
५. अन्य

२.७ घरको छानाको निर्माण कस्तो छ, थियो ?

१. काठ, बाँस र फलामको संरचनामा हलुका छाना (खर /पराल/ छवाली /जस्ता/ टिन/ च्यादर /काठ)
२. काठ, बाँस र फलामको संरचनामा माथि (छाना/ टायल/ खपडा/ झिँगटी/ ढुङ्गा/ माटो
३. कंक्रिट स्ल्याब (RCC) / ईटा सहितको स्ल्याब (RB)/ ईटा कंक्रिट सहितको स्ल्याब (RBC)

२.८ घरको भुईं केबाट बनेको छ, थियो ?

१. माटो २. ईटा/ ढुङ्गा छापेको ३. काठ ४. कंक्रिट स्ल्याब ५. अन्य

२.९ घरको भुईं र छाना बाहेक अन्य तला केले बनेको छ, थियो?



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
